चुरे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः १ | मितिः २०८०/०४/०२

## भाग-२

चुरे गाउँपालिका

# अनुगमन तथा मुल्यांकन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०४।०२
राजपत्रमा प्रकाशन मितिः २०८०।०४।०२

## चुरे गाउँपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि,२०८०

**प्रस्तावना** : चुरे गाउँपालिकाबाट सम्पादन हुने निमार्ण, सेवा प्रवाह र अनुगमन सम्बन्धी कामकारवाहीलाई दिगो, वातावरण मैत्री, पारदर्शी, गुणस्तरीय र सहभागिता बनाउन तथा सुशासन प्रर्वद्धन गरी अपेक्षित नतिजलाई सुनिश्चित गर्न गाउँपालिकाको नीति, कानुन, आवधिक तथा बार्षीक कार्यक्रम बमोजिम सञ्चालित योजना, आयोजना परियोजनाको अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन गर्ने संस्थागत तथा कानुनी प्रबन्ध गर्न वान्छनीय भएकोले, गाउँ कार्यपालिकाबाट यो अनुगमन तथा मूल्यांकन कार्यबिधि, २०८० स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **सङक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्य विधिको नाम " चुरे गाउँपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८०" रहेको छ ।

(२) **यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।**

२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन संयन्त्र" भन्नाले अनुगमन तथा मुल्याङ्कन समिति वडास्तरीय अनुगमन समिति, विषगत तथा विभागिय अनुगमन मूल्याङ्कन संयन्त्र सम्झनु पर्छ ।

(ख) "अनुगमन तथा सुपरीवेक्षण" भन्नाले योजना, आयोजना परियोजना कार्यक्रमहरुमा लगानी तथा स्रोत/साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन, कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई तोकिएको समयभित्र अपेक्षित उपलब्धि हासिल भएको छ /छैन र सञ्चालित योजना वा क्रियाकलापहरु दिगो, वातावणमैत्री र गुणस्तरीय रुपमा भएको छ /छैन भनी गाउँपालिकाले तोकिएको पदाधिकारी तथा कर्मचारीद्धारा निरन्तर, आवधिक र आकस्मिक रुपमा निगरानी राख्ने कार्य सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष " भन्नाले चुरे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ)"एकाई" भन्नाले चुरे गाउँपालिकाको योजना अनुगमन तथा मूल्याङ्कन एकाइ सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले चुरे गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(छ) "गाउँ सभा" भन्नाले चुरे गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(ज) "अध्यक्ष" भन्नाले चुरे गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चुरे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले चुरे गाउँपालिका सम्झनु पर्छ ।

(ट)"मूल्याङ्कन" भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक लाभदायी, प्रभावकारी र वित्तीय अनुशासन कायम राखेका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनुपर्छ ।

(ठ) "विभाग" भन्नाले चुरे गाउँपालिकाको सङ्गठन संरचना अनुसार स्वीकृत विभागहरु सम्झनु पर्छ ।

(ढ) "संयुक्त व्यवस्थापन" भन्नाले गाउँपालिका र अन्य निकायसँगको साझेदारी वा सहकार्यमा कार्यक्रम सञ्चालन गर्न गठित संयुक्त व्यवस्थापन सम्झनुपर्छ ।

(ण) "सम्झौता" भन्नाले गाउँपालिकाको दायित्व र अधिकार क्षेत्रभित्र रही विकास निर्माणसँग सम्बन्धित कसनै पनि योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा सेवा उपलब्ध गराउने वा दिने सम्बन्धमा ठेक्का, बोलपत्र वा दरभाउको माध्यमबाट वा प्रचलित कानुन बमोजिम गरिने गाउँपालिका र सेवाग्राही वा प्रदायक बिच हुने करारनामा (Contract) वा सम्झौता सम्झनुपर्छ ।

(त) “स्थलगत अनुगमन” भन्नाले अनुगमन तथा मूल्ङ्याकन समिति गाउँपालिकाको अनुगमन संयन्त्रका कर्मचारीबाट हुने स्थलगत अनुगमन सम्झनुपर्छ ।

## परिच्छेद – २

### अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था

३. **अनुगमन तथा मूल्याङ्कन** : (१) गाउँपालिकाद्धारा सञ्चालन हुने योजनाहरुको निर्धारित गुणस्तर र समय सीमाको सुनिश्चितता कायम गर्न, सम्भावित जोखिमबाट भविष्यमा पर्न सक्ने प्रभावका बारेमा लेखाजोखा गरी समयमा नै क्षति न्यूनीकरणमा पूर्व तयारी गर्न विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाई अर्थीक अनुशासन कायम राखि सुशासन, पारदर्शीता तथा लागत प्रभावकारिता कायम गरी विकास निर्माणको गुणस्तरियता कायम गर्ने प्रयोजनार्थ गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई अधिकत्म नतिजा मुखि बनाउन गाउँपालिकाले नियमित तथा आकस्मिक रुपमा अनुगमन गरी मूल्याङ्कन गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिकामा देहाय बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहने छ ।

(क) उपाध्यक्ष – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) अध्यक्षले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्य दुई जना –सदस्य

(घ) योजना अनुगमन एकाई प्रमुख –सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा सम्बन्धित क्षेत्र हर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।

४. **अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँ सभाबाट स्वीकृत भएको योजना /आयोजना कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गर्न कार्ययोजना आवश्यक भएमा कार्यान्वयन गर्ने ।

(ख) गाउँपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित, आकस्मिक वा आवधिक अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(ग) विषयगत समिति, विभाग, वडा कार्यालय, एकाई कार्यक्रम समेतबाट हुने अनुगमन सुपरिवेक्षण तथा मूल्याङकनको लागि आवश्यक निर्देशन, समन्वय र सहजिकरण गर्ने ।

(घ) आयोजना तथा परियोजनाका लागि निर्धारित गुणस्तर वा मापदण्ड अनुरुप कार्य भए/नभएको जाँच गर्ने कुनै लापरबही वा बदनियत भए/नभएको सम्बन्धमा निर्धारित सूचकको आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ङ) अनुगमन तथा सुपरिवेक्षणको समय तालिका निर्धारणगर्ने तथा गोप्य रुपमा गरिने अनुगमन तथा सुपरिवेक्षेणको विषयमा आवश्यक गोपनीयताको सुनिश्चिता कायम गर्ने /गराउने ।

(च) गाउँ सभा र कार्यपालिकाको निर्णय तथा निर्देशन बमोजिम समबन्धित उपभोक्ता समिति, निर्माण ब्यवसायी, परामर्शदाता कर्मचारी सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा सङ्घ संस्थालाई योजना कार्यान्वयनमा देखिएका त्रुटिहरुलाई सच्याउन, समय तथा गुणस्तर कायम गर्न वित्तीय अनुशासन कायम गर्न तथा प्रचलित ऐन कानुनको पालना गर्न समय सीमा तोकेर आवश्यक निर्देशन दिने ।

(छ) कार्यपालिकाको निर्णय बमोजिम अनुगमन तथा सुपरीवेक्षण समितिले दिएको समय सीमा सहितको निर्देशन समय सिमाभित्र पालन नगर्ने तथा अफडेट गर्ने सम्बन्धित उपभोक्ता समिति, निमार्ण व्यवसायी, परामर्शदाता, संस्था कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा संघ संस्थालाई कारवाही गर्नुपर्ने भएमा अध्यक्ष समक्ष पेस गर्ने ।

(ज) निर्धारित समय सिमा तथा गुणस्तर कायम गर्न सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा सङ्घ संस्थाको कार्य सम्पादन स्तर उच्च भएमा पुरस्कार वा सम्मान गर्न गाउँपालिकामा सिफारिस गर्ने ।

(झ) योजना,परियोजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित, विवेकपूर्ण तथा कानुन सम्मत ढङगले व्यवस्थापन गर्ने ।

(ञ) अनुगमन तथा सुपरिवेक्षणका क्रममा देखिएका सकारात्मक वा नकारात्मक पक्षहरुको विश्लेषण गरी मूल्याङ्कन गर्ने/गराउने ।

(ट) विभागिय, वडा स्तरीय र विषयगत समितिबाट हुने अनुगमनलाई बाधा नपुग्ने गरी दैनिक तथा आकस्मिक अनुगमन टोली गठन गर्ने ।

(ठ) तोकिएका अन्य कार्य गर्ने/गराउने ।

५. <u>वडा स्तरीय अनुगमन समिति :</u>(१) गाउँपालिकाबाट वडा क्षेत्रभित्र सञ्चालित विकास योजनाहरुको निरन्तर अनुगमन मूल्याङ्कन वडा तहबाट हुने छ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न प्रत्येक वडामा देहाय बमोजिमको अनुगमन समिति रहने छ ।

(क) वडा अध्यक्ष –संयोजक

(ख) वडा समितिले तोकेको ४ जना –सदस्य

(ग) वडा सचिब –सदस्य –सचिब

(३) उपदफा (२) बमोजिमको समितिमा सम्बन्धित क्षेत्र हेर्ने प्रबिधिक तथा विषय विज्ञलाई आमन्त्र गर्न सक्नेछ ।

<u>६. वडा स्तरीय अनुगमन समितिको काम कर्तव्य र अधिकार :</u>

**यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :**

(क) वडा भित्र सञ्चालन हुने योजनाहरुको अनुगमन गर्ने ।

(ख) वडा भित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुको कार्यको अनुगमन तथा नियमन गर्ने ।

(ग) खाद्यान्न, माछा, मासु, तरकारी, फलफुल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर मूल्यसुची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

(घ) उपभोक्ता समिति वा खरिद प्रक्रियाबाट वडा क्षेत्रभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरु सम्पन्न नभएसम्म कार्यान्वयनका विभिन्न चरणहरुमा स्थलगत रुपमा अनुगमन गर्ने ।

(ङ) आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आईपरेमा समस्या समाधानका लागि आवश्यक सहजिकरण गर्ने, योजना तथा कार्यक्रमको सम्झौत बमोजिम कार्य तालिका अनुसार कार्य भए/नभएको, वास्तविक लाभान्वित हुने उपभोक्ताहरु लाभान्वित भए/नभएको आदि विषयमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(च) वडा कार्यालयमा प्रत्येक महिना कम्तीमा १ पटक योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, निमार्ण व्यवसायी र संघ संस्थाहरुको बैठक राखी योजना तथा कार्यक्रमहरुको प्रगतिका बारेमा समीक्षा गर्ने ।

(छ) योजना तथा कार्यक्रमको सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नभएको, कार्यस्थलमा सूचना पाटी राखे/नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग भए /नभएको, वास्तविक लाभान्वित हुने उपभोक्ताहरुको लाभान्वित नभएको पाइएमा निर्माणकर्तालाई सुधार गर्न निर्देशन दिने ।

(ज) वडा स्तरमा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको सार्वजनीक परीक्षण गरी प्रतिबेदन पेश गर्ने ।

(झ) वडा स्तरमा सञ्चालित आयोजना तथा परियोजना कार्यक्रमको सुरु गर्दा र पछिको फोटो, कार्यस्थलमा राखेको सुचना पाटी वा व्यानरको फोटो ठिक दुरुस्त भए/नभएको अनुगमन गर्ने ।

(ञ) आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवा गुणस्तर, वातावरण संरक्षण, फोहर मैला व्यवस्थापन, सेवामा बृद्धी गराउनु पर्ने अवस्थाको सुपरीवेक्षण गरी जानकारी लिने ।

(ट) निर्धारित समय सिमा तथा गुणस्तर कायम गर्न सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी परामर्शदाता वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा संघ संस्थाको कार्य सम्पादन स्तर उच्च भएमा पुरस्कृत वा सम्मान गर्न गाउँपालिकामा सिफारिस गर्ने ।

(ठ) वडा स्तरमा सञ्चालन भएको कुनै आयोजनामा विवाद उत्पन्न भई समाधान हुन नसकेमा गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कनमा सिफारिस गर्ने ।

(ड) तोकिएका अन्य कार्य गर्ने/गराउने ।

७. **विषयगत समितिले अनुगमन गर्न सक्ने** :(१) कार्यपालिका अर्न्तगत गठित विषगत समितिले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा अनुगमन तथा सुपरीवेक्षण गर्न सक्ने छ ।

८. **विभागले अनुगमन गर्ने :** (१) गाउँसभाबाट स्वीकृत पदाधिकारी एवम् प्रशासनिक एकाइहरुको कार्य विबरणमा उल्लेख भएबमोजिम नियमित रुपमा अनुगमन, सुपरिवेक्षण तथा मूल्याङकन गर्ने दायित्व सम्बन्धित विभाग, सचिवालय, एकाइ, कार्यालय, आयोजना तथा कार्यक्रमको हुने छ ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन तथा मूल्याङ्कनको मासिक प्रतिबेदन तयार गरी पठाउनु पर्ने छ ।

९. **अध्यक्षले अनुगमन गर्न सक्ने** : यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएता पनि वार्षिक नीति , कार्यक्रम तथा बजेटमा समाबेस भएका योजनाहरुको कार्य सम्पादन स्तर, गुणस्तरीयता र प्रभावकारीता कायम गर्नका लागि अध्यक्षले जुनसुकै समयमा अनुगमन तथा सुपरीवेक्षण गर्न सक्ने छ ।

## परिच्छेद ३

## अनुगमनका क्षेत्र तथा प्रभाव मूल्याङ्कन

**१०.अनुगमनका क्षेत्र**हरु : गाउँपालिकाको विभिन्न तहबाट गरिने अनुगमन तथा मुल्याङ्कनका क्षेत्रहरु देहाय बमोजिम हुने छ :

(क) गाउँपालिकाद्धारा सञ्चालित विकास तथा निर्माण कार्यको अनुगमन

(ख) गाउँपालिका क्षेत्रभित्रका बजार अनुगमन

(ग) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाको अनुगमन

(घ) गाउँपालिका क्षेत्रभित्रका राजस्व परिचालन सम्बन्धि अनुगमन

(ङ) गाउँपालिका क्षेत्रभित्रका सामाजिक सङ्घ संस्थाको काम कारबाहीको अनुगमन

(च) गाउँपालिका क्षेत्रभित्रका फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन,

(छ) गाउँपालिका क्षेत्रभित्रका निर्माण भएका तथा निर्माण हुने भवनहरुको अनुगमन,

(ज) गाउँपालिका क्षेत्रभित्रका विद्यालय, शैक्षिक संस्था तथा शैक्षिक व्यवस्थापनको अनुगमन,

(झ) गाउँपालिका क्षेत्रभित्रका सहकारी संघ संस्थाहरुको अनुगमन,

(ञ) गाउँपालिका क्षेत्रभित्रको भौगोलिक क्षेत्र बाहिर गाउँपालिका –गाउँपालिका साझेदारी, संयुक्त व्यवस्थापन र अनुदान सहयोमा सञ्चालित आयोजना, परियोजना तथा कार्यक्रमको अनुगमन,

(ट) गाउँपालिकाबाट स्वीकृत नीति, कानुन तथा निर्णयबाट संचालित कार्यक्रमको अनुगमन,

(ठ) गाउँपालिकाको मार्गदर्शन तथा तोकिएको जिम्मेवारी कार्यान्वयनको अनुगमन,

(ङ) गाउँपालिका सम्बद्ध कानुनले अनुगमन गर्ने भनी तोकिएका अन्य क्षेत्रको कामसम्बन्धी अनुगमन,

११. <u>योजना तथा आयोजनाको प्रभाव मुल्याङ्कन :</u> गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन समिति र वडा स्तरीय अनुगमन समितिले सम्पन्न भएका आयोजना तथा परियोजनाहरुको समग्र तथा सङ्क्षिप्त प्रभाव मूल्याङ्कन नगरी प्रतिबेदन पेस गर्नुपर्ने छ ।

## परिच्छेद – ४

## योजना, अनुगमन तथा मूल्याङ्कन एकाइसम्बन्धी व्यवस्था

१२. <u>अनुगमन तथा मूल्याङ्कन एकाइ रहने</u> :(१) गाउँपालिकाबाट सञ्चालित योजना तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कामलाई एकीकृत रुपमा सञ्चालन गर्ने प्रशासनिक सचिवालयको रुपमा योजना, अनुगमन तथा मूल्याङ्कन एकाईले कार्य गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको एकाइले गाउँसभाबाट स्वीकृत कार्यविबरणका अतिरिक्त देहायका कार्यहरु समेत सम्पादन गर्नुपर्ने छ :–

(क) एकाइको तर्फबाट अनुगमन तथा मूल्याङ्कन कार्यका लागि गाउँपालिका अर्न्तगतका प्रशासनीक एकाइहरुसँग समन्वय तथा सहजिकरण गर्ने ।

(ख) अनुगमन तथा मूल्याङ्कन समितिबाट गर्नुपर्ने निर्णय तथा नीतिगत निर्णयकालागि समितिले पेस गर्नुपर्ने प्रस्ताव तयार गर्ने ।

(ग) विभिन्न विषयगत समिति,सम्बद्ध विभाग, सचिवालय एकाइ तथा वडा कार्यालयबाट भएको अनुगमन तथा मूल्याङ्कनको मासिक विबरण प्राप्त गरी एकीकृत विवरण तयार गर्ने ।

(घ) योजना तथा परियोजना सञ्चलन तथा व्यवस्थापनका सम्बन्धमा निर्माणकर्ता र सरोकारवाला पहिचान गरी योजनाको सञ्चालन सम्बन्धी कानुनी व्यवस्था तथा प्रक्रियाको बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

(ङ) गाउँपालिकाको समग्र अनुगमन तथा मूल्याङ्कनको चौमासिक तथा वार्षिक प्रतिबेदन तयार गरी सार्वजनिक गर्ने ।

(च) अनुगमन तथा मूल्याङ्कन समितिले तोकेकमोजिमका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।

(छ) गाउँपालिकामा रहेको अनुगमन तथा मूल्याङ्कन समिति र वडा स्तरीय अनुगमन समितिको लागि विज्ञहरको रोष्टर तयार गर्ने ।

(ज) एकाइले गर्ने भनी तोकिएको अन्य कार्य गर्ने/गराउने ।

## परिच्छेद –५

## अनुगमन तथा मूल्याङ्कन विधि

१३. **अनुगमनलाई नियमित गर्नुपर्ने :** (१) गाउँपालिकाबाट सञ्चालित रु पाँचलाख भन्दा बढी लागत भएको योजना तथा परियोजनाको सम्झौता भएपछि योजनाको आवश्यकता अनुसार अनुगमन गर्नुपर्ने छ। अनुगमन समितिबाट एक जना प्राविधि सहित कम्तीमा तीन जना सदस्यहरुले अनिवार्य अनुगमन गरेकै हुनु पर्नेछ।

(२) पाँच लाख भन्दा मुनिका योजनाहरु वडा समितिबाट अनुगमन गराउनु पर्ने छ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा नेपाल सरकार तथा प्रदेश सरकारद्धारा सम्बद्ध निकायहरुको प्रतिनिधि समेतलाई सहभागी गराई अनुगमन गर्न सकिने छ।

१४. **अनुगमन तथा मूल्याङ्कनको सूचक बनाउनु पर्ने :** गाउँपालिका क्षेत्रभित्र सञ्चालित विकास निर्माण, सेवा प्रवाह र नियमन सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन विधिको लागि सम्बद्ध विभागसँग समन्वय गरी एकाइले सूचक बनाई कार्यान्वयनमा ल्याउने।

१५. **तालिका पेस गर्ने :** सार्वजनिक खरिद प्रक्रियामा भाग लिने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्झौता भएको मितिले १५ दिनभित्रमा कार्यतालिका बनाई सम्बद्ध अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रमा पेस गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम पेस भएको तालिकालाई अध्ययन गरी आवश्यक देखिएमा परिमार्जन गर्न लगाई कार्यतालिका बमोजिम कार्य सम्पादन भए/नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व सम्बन्धित अनुगमन संयन्त्रको हुने छ।

(३) उपदफा (१) बमोजिम पेस भएको तालिका बमोजिम कार्य नगर्ने व्यक्ति,फर्म, संस्था वा कम्पनीको सम्झौता रद्द गर्ने वा क्षतिपूर्ति बेहोर्ने तर्फ गर्न अख्तियार प्राप्त अधिकारी समक्ष लेखी पठाउन सक्ने छ।

१६.**गुणस्तर परीक्षण** : (१) अनुगमन तथा मूल्याङ्कन समितिले गाउँपालिकाद्धारा सञ्चालित योजना तथा परियोजना सञ्चालन गर्ने क्रममा परियोजनाको गुणस्तर कायम गर्न सके/नसकेको तथा योजना तथा परियोजनाको प्रयोग गरेका बारेमा सामग्री वा सेवाका बारेमा आशङ्का उत्पन्न भएमा वा गुणस्तरका बारेमा कहीं कतै विवाद उत्पन्न भएमा सम्बन्धित विषय विज्ञ प्राविधिकबाट गुणस्तर परीक्षण गर्नु/गराउनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम गुणस्तर परीक्षणबाट प्राप्त भएको नतिजा वा प्रतिबेदन सरोकारवालाले माग गरेमा उपलब्ध गराउनु पर्ने छ।

१७.**सार्वजनिक परीक्षण गर्नु पर्ने** : गाउँपालिकाबाट सञ्चालित रु पाँच लाख भन्दा बढी लागत भएका योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण गर्दा सम्बन्धित वडा अध्यक्षको रोहवरमा गर्नु पर्ने छ।

१८. **अनुगमन बाफतको सुविधा** : (१) अनुगमन तथा मूल्याङ्कन संयन्त्रबाट अनुगमन तथा सुपरीवेक्षण गर्दा संयन्त्रका पदाधिकारी तथा कर्मचारीहरले देहाय बमोजिमको सुविधा प्रप्त गर्ने छन्।

(क) कार्यालय समयमा स्थलगत अनुगमन तथा सुपरीबेक्षण गरेमा प्रतिदिन प्रतिव्यक्ति अनुगमन भत्ता रु. १०००/

(ख) सार्वजनिक विदाको दिनमा स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरेमा प्रतिदिन प्रतिव्यक्ति अनुगमन भत्ता रु. १५००/

(ग) अन्य कार्यालय र निकायका प्रतिनिधि वा बाह्य विषय विज्ञ समेतको टोलीबाट अनुगमन तथा सुपरीवेक्षण गर्नु पर्ने भएमा खण्ड (क) वा खण्ड (ख) बमोजिमको अनुगमन भत्ताको अतिरिक्त परिवहन सुविधा बाफत प्रतिदिन प्रतिव्यक्ति अनुगमन भत्ता रु. १५००/

(२) यस  दफा अन्तर्गतको अनुगमन भत्ता तथा परिवहन सुविधा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अधारमा उपलब्ध गराईने छ ।

## परिच्छेद – ६

## विविध

**१९. मासिक/वार्षिक प्रतिवेदन** : (१) गाउँपालिका अनुगमन समिति तथा वडा स्तरीय अनुगमन समिति र विभिन्न विभाग, आयोजना, एकाइ, कार्यक्रमबाट गरिएका अनुगमन तथा मूल्याङ्कनको मासिक रुपमा एकाइमा प्रतिबेदन पेस गर्नु पर्ने छ ।

(२) अनुगमन तथा मूल्याङ्कन समितिले आर्थीक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अनुगमन तथा मूल्याङ्कनको वार्षिक प्रतिबेदन  तयार गरी अध्यक्ष मार्फत कार्यपालिकामा पेस गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम पेस भएको प्रतिबेदन कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्ने छ । कार्यपालिकाले स्वीकृत गरेको प्रतिबेदन गाउँपालिकाको वेबसाइटमा अपलोड गरी सार्वजनिक गर्नुपर्ने छ ।

(४) अनुगमन तथा मूल्याङ्कन गर्ने क्रममा आवश्यकता अनुसार श्रव्यदृश्य सहितको प्रतिबेदन बनाउनु पर्ने छ ।

**२०. कारबाही गर्न सक्ने** : (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका वा कार्य सम्पन्न भएका सबै खाले विषयगत तथा क्षेत्रगत योजनाको गुणस्तर मापदण्ड विपरीत रहेको पाईएमा उत्तल निर्माण व्यवसायी वा उपभोक्ता समिति वा उक्त योजना/परियोजना सञ्चालन व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको व्यक्ति, समूह,फर्म, संस्था वा कम्पनीलाई सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनी व्यवस्था बमोजिम कारबाही हुने छ ।

(२) उपदफा (१) बमोजिम सर्त विपरीत कार्य गर्ने व्यक्ति, समूह,फर्म, संस्था वा कम्पनीलाइ निजबाट भएको क्षतिको मूल्याङ्कन गरी असुलउपर गर्नका लागि कार्यपालिकामा सिफारि गर्नुपर्ने छ ।

२१.**गाउँसभाबाट जारी भएको ऐन बमोजिम हुने** : बजार व्यवस्थापन अनुगमन सम्बन्धमा गाउँपालिकाको गाउँसभाबाट जारी भएको चुरे गाउँपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७९ मा उल्लेखित व्यवस्थाको हकमा सोही बमोजिम हुने छ ।

२२. **कार्यविधि संशोधन :** यस कार्यविधिमा थपघट वा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाबाट हुने छ ।

आज्ञाले

विवि राज सोती

प्रमुख प्रशासकीय अधिकृत